# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-८, आ.व.२०८१/८२ मंसीर, २०८१

**प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**



## सम्पादकीय

कोशी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिन २०८१ बैशाखमहिना देखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८१/८२ को प्रथम चौमासिक अवधि (कार्तिक महिनासम्म)को आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को कार्तिक महिनासम्म प्रदेशको खर्च र राजस्व संकलनमा वृद्धि भएको छ। संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा कमी भएको हुँदा प्रदेशको समग्र आयमा भने गतवर्ष कार्तिकसम्मको तुलनामा केही न्यून रहेको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा

## कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को कार्तिक महिनासम्म जम्मा रु.५ अर्ब ९२ करोड ५० लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.३ अर्ब ५१ करोड १ लाख, पूँजीगत खर्च रु.१ अर्ब ३२ करोड ७२ लाख र स्थानीय तहमा वित्तीय हस्तान्तरणको रु.१ अर्ब ८ करोड ७७ लाख रहेको छ।

तालिका (क) पछिल्लो तीनवर्षको कार्तिक महिनासम्मको खर्च स्थिति (रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| चालु खर्च | २९४५० | २८९१२ | ३५१०१ |
| पूँजीगत खर्च | २२४६७ | १३७५५ | १३२७२ |
| स्थानीय तह अनुदान | ८०३० | ६८७० | १०८७७ |
| जम्मा खर्च | ५९९४७ | ४९५३७ | ५९२५० |
| विनियोजनको तुलनामा खर्च % | १५.१% | १३.७% | १६.८% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. चालु आ.व.२०८१/८२ को कार्तिक महिनासम्म कुल विनियोजनको १६.८ प्रतिशत खर्च भएको छ। जसमा चालु खर्च २४.३%, पूँजीगत खर्च ८.२% र स्थानीय तह अनुदान २३.६% प्रतिशत खर्च भएको छ।

३.चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी असोज महिनामा रु.२ अर्ब २९ करोड ५९ लाख खर्च भएको छ भने सबैभन्दा कम खर्च भदौ महिनामा भएको छ।

तालिका (ख) आ.व.२०८१/८२ कार्तिकसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह | मासिक जम्मा |
|---|---|---|---|---|
| श्रावण | १३९६४ | १४२ | | १४१०६ |
| भदौ | ४०३४ | ३१०० | ५६८ | ७७०२ |
| असोज | ७१६५ | ७६८० | ८११४ | २२९५९ |
| कार्तिक | ९९३८ | २३५० | २१९५ | १४४८३ |
| जम्मा खर्च | ३५१०१ | १३२७२ | १०८७७ | ५९२५० |
| | | | | जम्मा बजेट |
| कुल विनियोजन | १४४५१५ | १६२२२८ | ४६०५० | ३५२७९३ |
| कार्तिक सम्मको खर्च प्रगति | २४.३% | ८.२% | २३.६% | १६.८% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. वि.सं.२०८१ कार्तिक मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.३ अर्ब ४८ करोड ३८ लाख **(वार्षिक लक्ष्यको २०%)** राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.३ अर्ब ५१ करोड ४ लाख **(वार्षिक लक्ष्यको २४.१%)** निकासा प्राप्त भएको छ। आ.व.२०८१/८२ को प्रथम चौमासिकसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.६ अर्ब ९९ करोड ४२ लाख **(वार्षिक लक्ष्यको २१.९%)** प्राप्ति भएको छ।

५. गत आ.व.२०८०/८१ कार्त्तिकसम्मको तुलनामा चालु आ.व.को कार्त्तिकसम्म प्रदेशको कुल राजस्व संकलनमा १८.६ प्रतिशतले वृद्धि भएको छ, भने अनुदान प्राप्तिमा २२.१ **प्रतिशतले** कमी भएको छ। संघ सशर्त, समपूरक र विशेष अनुदानको लक्ष्य गत आ.व.को तुलनामा चालु आ.व.मा कमी रहेको हुँदा संघ अनुदान प्राप्तिमा न्यून देखिएको हो। गत आ.व.२०८०/८१ मा संघ सशर्त, समपूरक र विशेष अनुदानको बजेट रु.७ अर्ब ३३ करोड ३२ लाख रहेकोमा चालु आ.व.२०८१/८२ मा तीनवटा अनुदानको लक्ष्य रु.५ अर्ब ५९ करोड ९४ लाख रहेको छ।

**तालिका (ग) आ.व.२०८१/८२ को प्रथम चौमासिकसम्म राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)**

| शीर्षक/महिना | चालु आ.व. २०८१/८२ को | | | | | | | गत आ.व.को कार्त्तिक सम्मको प्राप्ति | गतको तुलनामा चालु वर्षको वृद्धि |
|---|---|---|---|---|---|---|---|---|---|
| | श्रावण | भदौ | असोज | कार्त्तिक | कार्त्तिक सम्मको जम्मा प्राप्ति | वार्षिक लक्ष्य | प्रथम चौमासिक प्रगति % | | |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | | ४७ | २४१९ | २८० | २७४६ | १४५०० | १९% | १५५६ | ७६% |
| सवारी साधन कर | | ११०७ | १०७१ | १०१८ | ३१९६ | १४१०० | २३% | १८३५ | ७४% |
| चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | ५३९ | ५१८ | ४३२ | ४८९ | १९७८ | ९५०० | २१% | १८७३ | ६% |
| अनुदान/निकासा फिर्ता, बेरुजु | ३२ | ४६ | २३९ | १६६२ | १९७९ | ४९९० | ४०% | १८८२ | ९% |
| *स्थानीय तहबाट प्राप्त राजस्व | ७ | १६ | ५६ | २८ | १०७ | ३०७० | ३% | १३२ | -१९% |
| विविध शुल्क/अन्य राजस्व | १६५ | १८५ | १६२ | ३०४ | ८१६ | २७४० | ३०% | ४३३ | ८८% |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९२ | १०२ | ६३ | ३९ | २९६ | ९०० | ३३% | २३३ | २७% |
| आन्तरिक राजस्व जम्मा | ८३५ | २०२१ | ४४४२ | ३८२० | १११९८ | ४९८०० | २२.३% | ७९४४ | ४०.०% |
| संघीय राजस्व बाँडफाँट (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | | ८०९९ | ७५७४ | ८०४७ | २३७२० | १२४००८ | १९% | २१४३६ | ११% |
| जम्मा राजस्व | ८३५ | १०१२० | १२०१६ | ११८६७ | ३४८३८ | १७३८०८ | २०.०% | २९३८० | १८.६% |
| समानीकरण अनुदान | ० | २२३५८ | ० | ० | २२३५८ | ८९४३२ | २५% | २१९६० | २% |
| सशर्त अनुदान | | | ८२९५ | ० | ८२९५ | ४१६४३ | २०% | १८१४४ | -५४% |
| समपूरक अनुदान | | | २१६२ | ० | २१६२ | ६५५० | ३३% | २४५४ | -१२% |
| विशेष अनुदान | | | २२८९ | ० | २२८९ | ७८०१ | २९% | २५०८ | -९% |
| जम्मा अनुदान | ० | २२३५८ | १२७४६ | ० | ३५१०४ | १४५४२६ | २४.१% | ४५०६६ | -२२.१% |
| कुल राजस्व र अनुदान | ८३५ | ३२४७८ | २४७६२ | ११८६७ | ६९९४२ | ३१९२३४ | २१.९% | ७४४४६ | -६.१% |
| नगद मौज्दात | | | | | | ३२५०० | | | |
| वैदेशिक अनुदान सोझै भुक्तानी | | | | | | १०५९ | | | |
| कुल आय अनुमान | | | | | | ३५२७९३ | | | |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

(*स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)